# रामपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः४ मितिः २०८०/०४/१९

## भाग -२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम रामपुर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# रामपुर नगरपालिकाको विद्यालय व्यवस्थापन समितिको गठन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८०

प्रस्तावनाः रामपुर नगरपालिका शिक्षा ऐन २०७६ को दफा २९ (२) दिएको अधिकार परिच्छेद ४ दफा ९ अनुसार विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्ने व्यवस्था रहे अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ को अधिकार प्रयोग गरी रामपुर नगरपालिकाले यो कार्यविधि तयार गरेको छ।

## परिच्छेद १
## संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "रामपुर नगरपालिकाको विद्यालय व्यवस्थापन समितिको गठन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(ख) यो कार्यविधि रामपुर नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि रामपुर नगरपालिकाको कार्यक्षेत्रभर लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "नगरपालिका" भन्नाले रामपुर नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "नगर कार्यपालिकाको कार्यालय' भन्नाले रामपुर नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ग) "सामुदायिक विद्यालय" भन्नाले सरकारी तवरबाट नियमित रूपमा अनुदान पाउने गरी रामपुर नगरपालिकाको क्षेत्रभित्र सञ्चालनका लागि अनुमति वा स्वीकृती प्राप्त भई सञ्चालनमा रहेका विद्यालय सम्झनु पर्दछ ।

(घ) "संस्थागत विद्यालय" भन्नाले सरकारी तवरबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृती प्राप्त विद्यालय सम्झनु पर्दछ ।

(ङ) "नगर शिक्षा समिति" भन्नाले नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनु पर्दछ ।

(च) "सहयोग समिति" भन्नाले यस कार्यविधिको दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिमका सदस्यहरुको छनौटका लागि दफा ७ को उपदफा (४) बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

(छ) "नगर प्रमुख" भन्नाले नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) 'नगर उप-प्रमुख" भन्नाले नगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्दछ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत भन्नाले नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ञ) "शिक्षा सम्बन्धी काम गर्ने कर्मचारी" भन्नाले नगर कार्यपालिकाको कार्यालयमा कार्यरत शिक्षा हेर्ने उपसचिव, शाखा अधिकृत र प्राविधिक सहायकलाई सम्झनु पर्दछ ।

(ट) "शिक्षा प्रमुख" भन्नाले नगर कार्यपालिकाको कार्यालयमा कार्यरत शिक्षा हेर्ने शिक्षा अधिकृतलाई सम्झनु पर्दछ ।

(ठ) "प्राविधिक सहायक" भन्नाले नगर कार्यपालिकाको कार्यालयको शिक्षा हेर्ने प्राविधिक सहायकलाई सम्झनु पर्दछ ।

(ड) "अध्यक्ष" भन्नाले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्छ। सो शब्दले शिक्षक अभिभावक संघको अध्यक्ष समेतलाई सम्झनु पर्दछ।

(ढ) "प्रधानाध्यापक" भन्नाले सामुदायिक विद्यालय र संस्थागत विद्यालयको प्रशासनिक कामकाज समेतको जिम्मेवारी पाएको सम्बन्धित विद्यालयको शिक्षकलाई सम्झनु पर्दछ ।

(ण) "शिक्षक" भन्नाले सामुदायिक र संस्थागत विद्यालयको अध्यापक सम्झनु पर्दछ।

(त) 'विद्यालय कर्मचारी" भन्नाले सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

## परिच्छेद २
## विद्यालय व्यवस्थापन समितिको गठन

**३. विद्यालय व्यवस्थापन समितिको गठनः** (१) विद्यालय सञ्चालन गर्न प्रत्येक सामुदायिक विद्यालयमा देहाय बमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयका अभिभावक मध्येबाट २ जना महिला सहित ४ जना सदस्य -सदस्य

(ख) नगर प्रमुखले तोकेको सम्बन्धित वडाको शिक्षाप्रेमी तथा समाजसेवी मध्ये १ जना -सदस्य

(ग) सम्बन्धित वडा समितिले मनोनयन गरेको मध्ये १ जना -सदस्य

(घ) सम्बन्धित विद्यालयका शिक्षकहरु मध्येबाट १ जना शिक्षक -सदस्य

(ङ) विद्यालय शिक्षक अभिभावक संघका अध्यक्ष -सदस्य

(च) विद्यालय स्तरीय बालक्लबले मनोयन गरेको १ बालक र १ जना बालिका गरी २ जना -सदस्य

(छ) व्यवस्थापन समितिले मनोनित गरेको सम्बन्धित वडाको शिक्षाप्रेमी तथा समाजसेवी मध्ये कम्तिमा १ जना महिला सहित २ जना -सदस्य

(ज) प्रधानाध्यापक -सदस्य सचिव

(२) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख) र (छ) बमोजिमका सदस्यहरुबाट छानेका सदस्य सो समितिको अध्यक्ष हुनेछ। उक्त बमोजिम अध्यक्ष नतोकिए सम्म जेष्ठ सदस्यले व्यवस्थापन समितिको अध्यक्षता गर्ने छ ।

(३) विद्यालय व्यवस्थापन समितिको कार्यकाल ३ वर्षको हुनेछ। विद्यालय रहेको वडाको निर्वाचित वडा अध्यक्ष वडामा रहेका विद्यालयहरुको संरक्षक रहने छ।

(५) व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्ने छ तर उल्लिखित समिति गठन गर्न नसकेमा नगर प्रमुखले तदर्थ समिति गठन गर्न सक्नेछ ।

६) विद्यालय व्यवस्थापन समिति गठन गर्दा नगरपालिकाको अधिकृत सरहको प्रतिनिधिको रोहबरमा हुनुपर्ने।

## परिच्छेद ३
## तदर्थ विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्था

**४. तदर्थ विद्यालय व्यवस्थापन समिति गठनः** (१) रामपुर नगरपालिका शिक्षा ऐन, २०७६ को परिच्छेद ५ दफा ९ को उपदफा ५ अनुसार विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा नगर प्रमुखले तदर्थ समिति गठन गर्न सक्ने व्यवस्था रहे अनुसार विद्यालयले समिति गठनका लागि अभिभावक भेला सम्पन्न गरेको मितिले एक महिना सम्म पनि विद्यालय व्यवस्थापन समिति गठन गर्न नसकेमा तपसिल बमोजिमको सदस्य रहने गरी तदर्थ सामिति गठन गर्ने ।

(क) माध्यमिक तहमा सम्बन्धित वडाको वडा अध्यक्ष र आधारभूत तहमा सम्बन्धित वडाको वडा अध्यक्ष वा नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य वा वडा सदस्य - अध्यक्ष
(ख) अभिभावक भेलाबाट समितिको सदस्यमा बस्न इच्छुक अभिभावकहरु मध्य विद्यालयले सिफारिस गरि पठाएको नामावतिवाट नगर प्रमुखले तोकेको दुई जना महिला सहित ४ जना -सदस्य
(ग) रामपुर नगरपालिका शिक्षा ऐन २०७६ को परिच्छेद ५ दफा ९ को उपदफा १ को ख अनुसार सम्बन्धित वडाका शिक्षाप्रेमी तथा समाजसेवी मध्य १ जना -सदस्य
(घ) शिक्षक प्रतिनिधी १ जना -सदस्य
(ङ) अभिभावक संघको अध्यक्ष १ जना -सदस्य
(च) सम्बन्धित विद्यालयको प्र.अ. - सदस्य सचिव
(२) विद्यालय व्यवस्थापन समितिको कार्यकाल ३ वर्षको हुनेछ । नियमानुसार गठन भएका समितिहरुको हकमा यो व्यवस्था लागु हुने छैन।

## परिच्छेद ४
## विद्यालय व्यवस्थापन समितिको बैठक सम्बन्धी व्यवस्था

**५. विद्यालय व्यवस्थापन समितिको बैठकः** (१) विद्यालय व्यवस्थापन समितिको बैठक दुई महिनामा कम्तिमा एक पटक बस्नेछ।
(२) विद्यालय व्यवस्थापन समितिको बैठक सो समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।
(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालय व्यवस्थापन समितिका एक तिहाई सदस्यले लिखित अनुरोध गरेमा विद्यालय व्यवस्थापन समितिको सदस्य सचिवले जहिलेसुकै पनि विद्यालय व्यवस्थापन समितिको बैठक बोलाउनु पर्नेछ।

(४) विद्यालय व्यवस्थापन समितिको बैठकमा पेस हुने विषय सूची सदस्य सचिवले साधारणतः तीन दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(५) विद्यालय व्यवस्थापन समितिमा तत्काल कायम रहेका पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा विद्यालय व्यवस्थापन समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(६) विद्यालय व्यवस्थापन समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफुहरू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्ने छ।

(७) विद्यालय व्यवस्थापन समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(८) विद्यालय व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि विद्यालय व्यवस्थापन समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ५
## विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

**६. विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोत जुटाउने र तिनको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगर कार्यपालिकाको कार्यालयको शिक्षा हेर्ने निकायलाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) नगर कार्यपालिकाको कार्यालयको शिक्षा हेर्ने निकायबाट खटिएको शिक्षकलाई हाजिर गराई काममा लगाउने,

(छ) नगर कार्यपालिकाको कार्यालयको शिक्षा हेर्ने निकायले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ज) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगरपालिकाको शिक्षा हेर्ने निकायमा पेश गर्ने,

(झ) नगर शिक्षा समिति र नगर कार्यपालिकाको कार्यालयको शिक्षा हेर्ने निकायले दिएको आदेश तथा निर्देशनहरूको पालना गर्ने,

(ञ) आफैले नियुक्त वा बढुवा गरेका शिक्षकको लागि तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने

(ट) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने,

(ठ) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ड) शिक्षकलाई तालिमको लागि छनौट गर्ने,

(ढ) तालिममा जाने शिक्षकलाई तालिमबाट फर्केपछि कम्तिमा तीन वर्ष विद्यालयमा सेवा गर्नु पर्ने सम्बन्धमा शर्तहरू निर्धारण गरी कबुलियतनामा गराउने,

ण) विद्यालयको स्रोतबाट बेहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने र त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई सरकारी तवरबाट समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिदिएको तलब स्केलमा नघटाई तलब भत्ता खुवाउने,

(त) सरकारी तवरबाट स्वीकृत भएको दरबन्दीको शिक्षक पद रिक्त हुन आएमा स्थायी पूर्तिको लागि सो पद रिक्त भएका मितिले पन्ध्र दिनभित्र नगर कार्यपालिकाको शिक्षा हेर्ने निकायमा जानकारी गराइ शिक्षा विकास तथा समन्वय इकाइ पाल्पामा लेखी पठाउने,

(थ) विद्यालयका शिक्षक तथा कर्मचारीहरुको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाही गर्ने तथा आवश्यकतानुसार आफ्नो राय सहितको प्रतिवेदन कार्वाहीको लागि नगर कार्यपालिकाको शिक्षा हेर्ने निकायमा पठाउने,

(द) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

(ध) सरकारी तवरबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(न) अभिभावक, शिक्षक र विद्यार्थीहरूले पालना गर्नु पर्ने आचार संहिता बनाई लागु गर्ने,

(प) शिक्षकहरूको अभिलेख अद्यावधिक गराइ राख्ने,

(फ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको मेला गराइ विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धी र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(ब) शिक्षकलाई गरिएको विभागीय कारबाहीको जानकारी नगरपालिकाको शिक्षा हेर्ने निकायका शिक्षा प्रमुख समक्ष पठाउने,

(म) विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानून बमोजिम दर्ता भएका लेखापरीक्षकहरू मध्येबाट कम्तिमा तीन जना लेखा परीक्षकको नाम नियुक्तिको लागि नगर कार्यपालिकाको कार्यालयको शिक्षा हेर्ने निकाय समक्ष सिफारिस गर्ने,

(म) विद्यार्थी, शिक्षक तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने,

(य) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति बापतको रकम सोधभर्नाको लागि सम्बन्धित निकायमा माग गर्ने,

(र) शिक्षा हेर्ने शाखा अधिकृतले विद्यालयको छड्के जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिकामा गयल जनाएकोमा त्यस्तो गयल बापत तलब कट्टी गर्ने,

(ल) व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,

(ब) शिक्षकहरूको सेवाको सुरक्षा र सम्बर्द्धन गर्ने,

(श) नगर कार्यपालिकाको कार्यालयले दिएको निर्देशन अनुरूप काम गर्ने,

## परिच्छेद ६
## विविध

**७. शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षक तथा अभिभावकहरू सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ । सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिले अभिभावकहरूको भेला गराइ सो समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तिमा एक जना शिक्षक र अभिभावकहरू समेत रहने गरी बढीमा एघार सदस्यीय शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित शिक्षक अभिभावक संघको कार्यकारी समितिका सदस्यको पदावधि दुई वर्षको हुनेछ । कार्यकारी समितिको बैठक तीन महिनामा कम्तिमा एकपटक बस्नेछ र सो समितिको बैठक सम्बन्धी अन्य कार्यविधि कार्यकारी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विद्यालयमा शिक्षकको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने,

(ख) शिक्षा सम्बन्धी प्रचलित ऐन नियम बमोजिम विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने तथा सो सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने,

(ग) विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा अन्तरक्रिया गर्ने,

(४) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिले यस कार्यविधि बमोजिम शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्दा सात सदस्यमा नघटाई गर्नु पर्नेछ ।

**८. प्रतिवेदन पेश गर्नु पर्नेः** दफा ७ को उपदफा (५) को समितिबाट विद्यालय व्यवस्थापन समितिका सदस्यहरुको छनौट भई सकेपछि नगर कार्यपालिकाको कार्यालयको शिक्षा हेर्ने निकायमा अभिलेख राख्ने प्रयोजनका लागि सम्बन्धित विद्यालयका प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिका सदस्यहरुको नामावली सहित प्रतिवेदन पेश गर्नु पर्नेछ ।

९. अभिलेख राख्नु पर्नेः दफा ८ अनुसार प्राप्त प्रतिवेदन अनुसार नगर कार्यपालिकाको कार्यालयको शिक्षा हेर्ने निकायले विद्यालयको व्यवस्थापन समितिको अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**१०. आर्थिक दायित्वः** विद्यालय व्यवस्थापन समितिको गठन गर्दा कुनै प्रकारको आर्थिक दायित्व पर्ने भए सम्बन्धित विद्यालयले व्यहोर्नु पर्नेछ ।

**११. पत्र तथा फारामका नमूना सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधिको कार्यान्वयनका लागि आवश्यक पत्र तथा फारामका नमूनाहरु अनुसूचीमा उल्लेख गरिए बमोजिम हुनेछन् । अनुसूचीमा उल्लेख नभएका पत्र तथा फारामका नमूनाहरु तयार गरी कार्यान्वयन गर्नु पर्ने भएमा सो काम नगर कार्यपालिकाको कार्यालयको शिक्षा हेर्ने निकायले तयार गरे बमोजिम हुनेछ ।

**१२. बचाउः** साविकमा शिक्षा ऐन (संशोधन सहित), २०२८ र शिक्षा नियमावली (संशोधन सहितः,२०५९ बमोजिम विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन तथा संचालन सम्बन्धमा भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**१३. संशोधन तथा खारेजीः** (१) नगर कार्यपालिकाले यस कार्यविधिलाई पूर्ण रुपमा खारेज गर्न वा केही अंशहरु संशोधन गर्न सक्नेछ ।

## अनुसूची १

## दफा ४ को (क) को कार्यान्वयनका लागि नगर प्रमुखबाट मनोनित हुन विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई दिइने मनोनय पत्र

**रामपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**रामपुर, पाल्पा**

**लुम्बिनी प्रदेश, नेपाल**

पत्र संख्या-

च.नं. मिति :..........................

विषय अध्यक्ष पदमा मनोनित गरिएको बारे ।

श्री...............................

...................................।

प्रस्तुत विषयमा श्री............................ विद्यालय रामपुर नगरपालिकाको चलानी नम्बर को पत्र र यस नगर कार्यपालिकाको कार्यालयको मिति .......................... को निर्णय (नगर प्रमुखस्तर) अनुसार तपाईलाई विद्यालय व्यवस्थापन समितिको गठन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० को दफा ४ को (क) बमोजिम श्री....................... नगरपालिका वडा नं.............. विद्यालय रामपुर पाल्पाको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा मनोनित गरिएको व्यहोरा सहर्ष जानकारी गर्दछु ।

अध्यक्ष पदमा मनोनित हुनु भएकोमा हार्दिक बधाई छ।

नगर प्रमुख

बोधार्थः

श्री ..........................(सम्बन्धित वडा कार्यालय), रामपुर, पाल्पा ।

श्री ............................(सम्बन्धित विद्यालय) पाल्पा ।

**अनुसूची २**

**दफा ४ को (ख) को कार्यान्वयनका लागि नगर प्रमुखबाट मनोनित हुन विद्यालय व्यवस्थापन समितिको सदस्यलाई दिइने मनोनय पत्र**

**रामपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**रामपुर, पाल्पा**

**लुम्बिनी प्रदेश, नेपाल**

पत्र संख्या-

च.नं. मिति :.....................................

विषयः सदस्य पदमा मनोनित गरिएको बारे ।

श्री................................

....................................।

प्रस्तुत विषयमा श्री............................. विद्यालय रामपुर नगरपालिकाको चलानी नम्बर को पत्र र यस नगर कार्यपालिकाको कार्यालयको मिति ........................... को निर्णय (नगर प्रमुखस्तर) अनुसार तपाईलाई विद्यालय व्यवस्थापन समितिको गठन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० को दफा ४ को (ख) बमोजिम श्री........................ नगरपालिका वडा नं............... विद्यालय रामपुर पाल्पाको विद्यालय व्यवस्थापन समितिको सदस्य पदमा मनोनित गरिएको व्यहोरा सहर्ष जानकारी गर्दछु ।

सदस्य पदमा मनोनित हुनु भएकोमा हार्दिक बधाई छ।

नगर प्रमुख

बोधार्थः

श्री ..........................(सम्बन्धित वडा कार्यालय), रामपुर, पाल्पा

श्री ............................(सम्बन्धित विद्यालय) पाल्पा ।

**अनुसूची ३**

**दफा ४ को (ग) को कार्यान्वयनका लागि नगर प्रमुखबाट मनोनित हुन विद्यालय व्यवस्थापन समितिको सदस्यलाई दिइने मनोनय पत्र**

**रामपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**रामपुर, पाल्पा**

**लुम्बिनी प्रदेश, नेपाल**

पत्र संख्या-

च.नं. मिति :...............................

विषयः सदस्य पदमा मनोनित गरिएको बारे ।

श्री...............................

....................................।

प्रस्तुत विषयमा श्री............................ विद्यालय रामपुर नगरपालिकाको चलानी नम्बर को पत्र र यस नगर कार्यपालिकाको कार्यालयको मिति .......................... को निर्णय (नगर प्रमुखस्तर) अनुसार तपाईलाई विद्यालय व्यवस्थापन समितिको गठन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० को दफा ४ को (ग) बमोजिम श्री....................... नगरपालिका वडा नं.............. विद्यालय रामपुर पाल्पाको विद्यालय व्यवस्थापन समितिको सदस्य पदमा मनोनित गरिएको व्यहोरा सहर्ष जानकारी गर्दछु ।

सदस्य पदमा मनोनित हुनु भएकोमा हार्दिक बधाई छ ।

नगर प्रमुख

बोधार्थः

श्री ..........................(सम्बन्धित वडा कार्यालय)रामपुर, पाल्पा ।

श्री ............................(सम्बन्धित विद्यालय) पाल्पा ।

आज्ञाले

चेमन प्रकाश पोखरेल

नि . प्रमुख प्रशासकीय अधिकृत